फोन नं. (Tel. No.) ०१-४४५१२४२ (01-4451242)
०१-४४५०३५६ (01-4450356)
०१-४४५२००० (01-4452000)

# कागेश्वरी-मनोहरा नगरपालिका
# KAGESHWORI-MANOHARA MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
डाँछी, काठमाडौं, नेपाल (Danchhi, Kathmandu, Nepal)
बागमती प्रदेश (Bagmati Province)

फोन नं. ०१-४४५१८८६
ईमेलः kageshworieducation@gmail.com

प.सं. : २०७७।०७८
च.नं. : ४९२०

मिति: २०७८।०३।०१

**विषय : शैक्षिक सत्र २०७८ सम्बन्धमा।**

श्री प्रधानाध्यापकज्यू,
सबै सामुदायिक तथा संस्थागत विद्यालयहरू,
कागेश्वरी मनोहरा नगरपालिका,
काठमाण्डौं।

प्रस्तुत विषयमा, नेपाल सरकारले २०७८ साल असार महिना देखि चैत्र महिनासम्मलाई शैक्षिक सत्र २०७८ कायम गरेको सन्दर्भमा यस नगरपालिकाको मिति २०७८।०२।३१ गते बसेको नगर कार्यपालिकाको बैठकले देहाय बमोजिम गर्ने गराउने भनि निर्णय गरेकोले यस नगरपालिका भित्र सञ्चालित सबै विद्यालयहरूले देहाय बमोजिम गर्नु गराउनु हुन अनुरोध गरिन्छ।

**तपसिल**

१. गत शैक्षिक सत्र २०७७ को विद्यार्थी मूल्याङ्कनको/बार्षिक परीक्षाको नतिजा २०७८ जेठ मसान्त भित्र प्रकासन गर्न सूचना गरिएकोमा शैक्षिक सत्र २०७७ को सबै कक्षाको विद्यार्थीको नाम नामेशी सहितको कक्षागत नतिजाको ग्रेड लेजरको इकपि शाखाको इमेलमा मिति २०७८।०३।१० भित्र उपलब्ध गराउने।

२. सबै विद्यालयले स्वास्थ्य सुरक्षा मापदण्ड पालन गरी शैक्षिक सत्र २०७८ को विद्यार्थी भर्ना २०७८ असार मसान्तसम्म गर्ने साथै विद्यालयले पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री मात्र प्रयोग गर्ने व्यवस्था मिलाउने।

३. नेपालको नक्सा रहेका पाठ्यपुस्तकहरूमा अनिवार्य रूपमा लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र सहितको नक्सा भएको पाठ्यपुस्तक मात्र प्रयोगमा ल्याउने।

४. सबै विद्यालयहरूले शैक्षिक सत्र २०७८ को एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) असार २० गतेसम्ममा अपडेट गर्ने।

५. सामुदायिक विद्यालयहरूलाई शैक्षिक सत्र २०७७ का विद्यार्थीका आधारमा निशुल्क पाठ्यपुस्तकका लागि रकम निकासा दिन नेपाल सरकारले उपलब्ध गराएको रकम न्यून रहेकोले थप रकम माग गरी पठाइएकोमा हालसम्म थप रकम प्राप्त नभएकोले तोकिए बमोजिम निशुल्क पाठ्यपुस्तक उपलब्ध गराउन विद्यालयलाई पहिलो पटक निकासा दिएको रकममा थप रकम आवश्यक पर्ने भए शैक्षिक सत्र २०७७ को विद्यार्थीहरूको नाम नामेसी सहितको कक्षागत नतिजाको ईकपि वा छाँयाप्रति मिति २०७८।०३।१० गते भित्र नगरपालिकामा पेस गरी नपुग रकम माग गर्ने।

६. मिति २०५७।०४।०१ अगाडी सामुदायिक विद्यालयमा स्थायी नियुक्ति लिइ तालिम प्राप्त शिक्षकहरूको छुट प्राविधिक ग्रेड प्रदान गर्ने आधार र प्रक्रिया सम्बन्धी शिक्षा तथा मानवस्रोत विकास केन्द्रको चनं २२०, मिति २०७८।०२।०९ गतेको पत्र र सो साथ सम्लग्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको पत्र (लिङ्क https://cehrd.gov.np/file_data/mediacenter_files/media_file-1-85584508.pdf ) यस अगाडी नै सम्बन्धित सबै प्र.अ.हरूलाई उपलब्ध गराइएकोमा हालसम्म पनि धेरै विद्यालयबाट सो अनुसार प्रविधिक ग्रेड पाउने शिक्षकको माग फाराम पेस नगरेकोले अविलम्ब सम्बन्धित शिक्षकहरूको छुट ग्रेड माग फाराम पेस गर्ने।

(गोबिन्द प्रसाद शर्मा)
उपसचिव (दशौं तह)

**बोधार्थ**
श्रीमान् नगरप्रमुखज्यू, कागेश्वरी मनोहरा नगरपालिका, काठमाण्डौ।
श्रीमान् नगर उपप्रमुखज्यू, कागेश्वरी मनोहरा नगरपालिका, काठमाण्डौ।
श्री वडा अध्यक्षज्यूहरू, वडा नं १-९, कागेश्वरी मनोहरा नगरपालिका, काठमाण्डौ ।